नेपाल सरकार
शिक्षा मन्त्रालय

# शैक्षिक जनशक्ति विकास केन्द्र

सानोठिमी, भक्तपुर

# ICT LAB स्थापनाका लागि विभिन्न उपकरणहरु खरिद सम्वन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७२।०९।१७)

यस केन्द्र अन्तर्गत काभ्रेपलाञ्चोक, सुनसरी, तनहुँ, सुर्खेत र दिपायल गरि जम्मा ५ (पाँच) जिल्लाका तालिम केन्द्रहरुमा चालु आ.व.२०७२/७३ का लागि ICT Lab स्थापना गर्नुपर्ने भएको हुदाँ प्रत्येक जिल्लाका ICT Lab का लागि आवश्यक पर्ने Laptop Computer, Projector लगायत 3KVA Solar Backup system उपकरणहरु खरिदकार्य र जडान सम्बन्धीकार्य सिलवन्दी बोलपत्रको माध्यमद्धारा गर्नुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त गरेका मूल्य अभिवृद्धि कर दर्तावाला ईच्छुक बोलपत्र दाताहरुवाट सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. यो सिलबन्दी बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिदेखि ३०औं दिनसम्म ICT Lab का लागि आवश्यक पर्ने Laptop, Projector लगायत 3KVA Solar Backup system उपकरणहरु आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र फाराम बापत नगदै रु. १०००।- (फिर्ता नहुने गरी प्रत्येक प्याकेजका लागि छुटटा छुटटै) यस केन्द्रमा बुझाई अद्यावधिक गरेको इजाजत-पत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व. ०७१/७२ सम्मको कर चुक्ता प्रमाण-पत्रका प्रतिलिपिहरु नोटरी पब्लिकबाट प्रमाणित गरी निवेदनसाथ रु.१० को टिकट सहित पेस गरेपछि नियमानुसार उक्त सिलबन्दी बोलपत्र फाराम यस केन्द्रबाट उपलब्ध गराइने छ ।

२. खरिद गरिएका सिलबन्दी बोलपत्र फारामका महलहरु स्पष्ट रूपमा भरी प्रत्येक पानामा सहीछाप गरी प्रत्येक प्याकेजका लागि फरक फरक खाममा सिलबन्दी गरि सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२.०० बजेसम्म यस केन्द्रको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखामा सिलबन्दी बोलपत्र दर्ता गराउन सकिने छ । यसरी दर्ता हुन आएका सिलवन्दी बोलपत्रहरु सोही दिनको १.०० बजे यस केन्द्रमा सिलबन्दी बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ । सिलबन्दी बोलपत्र दाता वा निजको प्रतिनिधिहरु उक्त दिन उपस्थित नभएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा प्राप्त हुन आएका सिलबन्दी बोलपत्र हरु खोलिने छ ।

३. सिलबन्दी बोलपत्र फारमसाथ जमानत वापत प्रत्येक प्याकेजका लागि रु. ४६,०००।- (अक्षरेपी रु.छयालीस हजार रुपैयाँ मात्र) यस केन्द्रको आर्थिक प्रशासन शाखामा नगद दाखिला गरेको सक्कल रसिद वा कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुरमा धरौटी खाता नं. ख ३/ १९- ५१- ९०७४ मा नगद जम्मा गरेको सक्कलै भौचर वा मान्यताप्राप्त वाणिज्य बैंकबाट यस केन्द्रको नाममा जारी भएको कम्तिमा ९० दिन अवधिको बैंक ग्यारेन्टी पेस गर्नुपर्ने छ । यसरी पेस गरिने जमानत वापतको बैंक भौचर वा विडवण्डलाई यो सूचना प्रकाशित भएको मिति पछिको दिनबाट मात्र मान्यता दिइने छ ।

४. सिलबन्दी बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो दिनको भोलीपल्ट वा कार्यालय खोलिएको दिन उक्त कार्य गरिनेछ ।

५. प्राप्तसिलबन्दी बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहने छ ।

६. सिलबन्दी बोलपत्रसम्बन्धी सूचना यस केन्द्रको Website:www.nced.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.ppmo.gov.npमा समेत हेर्न सकिने छ ।

७. सिलबन्दी बोलपत्र सम्बन्धी थप जानकारी आवश्यक परेमा यस केन्द्रको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखा वा फोन नं. ०१६६३५८३५ मार्फत जानकारी लिन सकिने छ । अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।